नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.:- १६२

मितिः- २०८२/०८/०९

ने.सं. ११४६

विषयः- जानकारी सम्बन्धमा।

श्री स्थानीय तह (सबै)।

राष्ट्रिय सतर्कता केन्द्रको प.सं. २०८२/०८३, च.नं. अ.१६/६४५, मिति २०८२/०८/०७ को पत्रबाट "स्थानीय तहका जनप्रतिनिधि एवं पदाधिकारी तथा कर्मचारीहरुको सुविधाको सम्बन्धमा प्रचलित कानूनको पूर्ण रुपमा पालना गर्न/गराउन तथा स्पष्ट नभएका विषयमा कानूनको परिधिमा रही आवश्यक कार्यविधि एवं मापदण्ड बनाई सो बमोजिम गर्न/गराउन भ्रष्टचार निवारण ऐन, २०५९ को दफा ३८ (१) (छ) बमोजिम सम्पूर्ण स्थानीय तहलाई निर्देशन दिने र सो निर्देशनको परिपत्र तहाँ मन्त्रालय मार्फत गर्ने" व्यहोरा उल्लेख भई आएको हुँदा उक्त निर्देशन सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(दीपेश कट्टेल)

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री राष्ट्रिय सतर्कता केन्द्र, सिंहदरबार, काठमाडौं ।

श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload तथा E-mail मार्फत जानकारी गराइदिनुहुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४

ईमेलः- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

वेबसाईटः- www.mofaga.gov.np

नेपाल सरकार

# राष्ट्रिय सतर्कता केन्द्र

## अन्वेषण तथा अनुगमन शाखा

सिंहदरबार, काठमाण्डौ


दर्ता
१३९
८।८

संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- १६८०
८।८

प.सं. :- ०८२/८३

च.नं. :- अ.१६/६४५

मिति :- वि.सं. २०८२/०८/०७

ने.स. :- ११४६ थिंलाथ्व, ३ आइतवार

<u>विषयः परिपत्र सम्वन्धमा ।</u>

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,

सिंहदरवार ।

प्रस्तुत विषयमा अधिकांश स्थानीय तहका प्रमुख तथा उपप्रमुख, अध्यक्ष तथा उपाध्यक्षले सरकारी सवारी साधन लिई विवाह, व्रतवन्ध, मलामी, घुमफिर लगायतमा प्रयोग गरी सवारी साधन तथा इन्धनको व्यापक दुरुपयोग गर्ने गरेका त्यसैगरी हिमाली जिल्लाका स्थानीय तहका हाकिमहरु तथा जनप्रतिनिधिले व्यक्तिगत काममा समेत काठमाण्डौ आउन/जान सरकारी सवारी साधन प्रयोग गरी इन्धन, चालकको दैनिक भ्रमण भत्ता, मर्मत समेतमा भुक्तानी लिने गरेको साथै उक्त पदाधिकारीहरुले कानुन विपरीत भान्से तथा आवास सुविधा लिई करोडौ रकम गैरकानुनी रुपमा खर्च गर्ने गरेको भन्ने लगायतका व्यहोराको उजुरी श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, हेलो सरकार मार्फत यस केन्द्रमा प्राप्त हुन आएकोले उल्लेखित सन्दर्भमा **"स्थानीय तहका जनप्रतिनिधि एवं पदाधिकारी तथा कर्मचारीहरुको सुविधाको सम्वन्धमा प्रचलित कानुनको पूर्ण रुपमा पालना गर्न/गराउन तथा स्पष्ट नभएका विषयमा कानुनको परिधिमा रही आवस्यक कार्यविधि एवं मापदण्ड वनाई सो वमोजिम गर्न/गराउन भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ (१) (छ) वमोजिम सम्पूर्ण स्थानीय तहलाई निर्देशन दिने र सो निर्देशनको परिपत्र तहाँ मन्त्रालय मार्फत गर्ने"** भन्ने यस केन्द्रको उजुरी व्यवस्थापन समितिवाट मिति २०८२/८/३ मा निर्णय भएकोले सोही वमोजिम तहाँवाट परिपत्र गरी सोको जानकारी यस केन्द्रलाई उपलब्ध गराउनुहुन अनुरोध छ ।

.................................

(बुद्धि राम खनाल)

प्रहरी नायब उपरीक्षक

श्री स्थानीय त.स.म.शाखा
८।८

<u>सादर अवगतार्थ :</u>

श्री प्रधानमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय,

सिंहदरवार, काठमाण्डौ ।